नेपाल सरकार
## भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं ।
फोन नं. ०१-५३१३९३२/५३१३९३६

# विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्वन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्वन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार
## भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं ।

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

नेपाल सरकार

भूमि समस्या समाधान आयोग

जिल्ला समिति, रामेछाप

प.सं. ०८२/८३

च.नं. १३

मिति:२०८२/०५/०४

नेपाल संवत् ११४५ गुँलागा १२

श्री स्थानिय तहहरु सबै,

रामेछाप ।

विषयः- लगत (निवेदन) संकलन सम्बन्धी सूचना बारेमा ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार, भूमि समस्या समाधान आयोग ताहाचल, काठमाण्डौं मिति २०८२/०४/३० गते प्रकाशित गरेको ३५(पैतीस) दिने सूचना बमोजिम विगतका हरेक भूमिहीन दलित/सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको आवेदन संकलनका लागि ३५(पैतीस) दिने उक्त सूचना कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वडाहरुमा समेत सूचना प्रकाशन गरी कार्यालयमा मिति २०८२/०६/०५ गते सम्म निवेदन पेश गर्नका लागि सम्बन्धित निवेदकहरुलाई जानकारी गराई आवश्यक सहयोग गरी दिनु हुन व्यहोरा अनुरोध छ ।

..............................

ई. देव कुमार बस्नेत

सदस्य सचिव